प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान,
प्रदेश नं. ५, नेपाल

फोन नं. ०८६।४६०१९०
०८६।४६०१९१
e-mail : pyuthanmun@gmail.com
website : pyuthanmun.gov.np

पत्र संख्या : २०७५/०७६
चलानी नं.

मिति : २०७५।८।१३

## नदी जन्य ढुङ्गा,गिट्टी,वालुवा उत्खनन्, सङ्कलन र घाट गद्दी तथा विकी र कवाडी सामान निकाशी सम्बन्धी सूचना

यस प्यूठान नगरपालिकाको क्षेत्रमा रहेको माडी, झिमरुक नदीका किनारामा रहेका प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा किटान गरिएको ढुँङ्गा,गिट्टी,वालुवाको उत्खनन्, संकलन र घाटगद्दी बमोजिमको परिमाण प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद -३ र प्यूठान नगरकार्यपालिकाको नदीजन्य ढुङ्ग,गिट्टी,वालुवा उत्खन्न्, सङ्कलन तथा विकी गर्ने सम्वन्धी निर्णय वमोजिम ढुँङ्गा,गिट्टी,वालुवा / नदीजन्य पदार्थ निकासी तथा विक्री र कवाडी सामान निकाशी संवन्धी तपशिलको शर्त पालना गर्ने गरी इच्छुक फर्म वा कम्पनीको लागि यो वोलपत्र /दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

**नदीजन्य पदार्थको हकमा ।**

१। प्यूठान नगरपालिकाको स्वीकृत प्रारम्भीक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको पुर्ण रुपमा पालना गर्नु पर्ने छ ।

- उत्खनन् संकलन तथा विक्रि गर्दा तोकिएको प्याकेज वमोजिमका घाटगद्दीहरुवाट मात्र गर्नु पर्ने छ ।
- सम्झौता गर्दा स्वीकृत फर्म वा कम्पनीले उत्खन्न्, सङ्कलन गर्ने उपकरण, घाटगद्दी सम्म जाने र ढुवानी गर्ने ट्र्याकटर, टिपरको विवरण पेश गर्ने पर्ने छ र स्वीकृत नंम्बरका गाडीहरुवाट मात्र ढुवानी गर्नुपर्ने छ ।
- स्वीकृत परिमाणको निकासी विकी गर्दा प्रदेश ऐन को दफा ८ मा भएको स्रोत शुल्क प्रति क्यू. फिट रु ३ अर्थात प्रति ट्र्याकटर प्रति ट्रीप रु १५०। र टि्पर प्रति ट्रीप रु ४५०। का दरले लिनुपर्ने छ ।
- नगर कार्यपालिकाको निर्णय वमोजिम प्यूठान नगरपालिका क्षेत्रमा पर्ने सम्पूर्ण नदी वाट उत्खनन् गरे वापत र कवाडी सामान निकाशी वापत निम्न वमोजिमको प्याकेजमा तोकिएको न्यूनतम रकम कायम गरिएकोमा उक्त रकममा वढावढको माध्ययमवाट दररेट स्वीकृत गरिने छ ।
- उत्खनन् गरिएको ढुंगा, गिट्टी, वालुवा / नदी जन्य पदार्थ जिल्ला वाहिर निकासी गर्न पाइने छैन ।
- कार्यविधिको परिच्छेद -६ को दफा १७ मा व्यवस्था भएको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले अनुगमन गरि दिएको सुझाव लाई पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने छ ।

२। पेश भएका फर्म वा कम्पनीको योग्यता पुगेको र कार्य क्षमताको विश्वासनियताको आधारमा छनौट गरिने छ । उचित कारण सहित दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ ।

३। विड डकुमेन्ट कार्यालयबाट रु १,०००। नगदी रसीद लिई सूचना प्रकाशित भएको मितिले ठेक्का नं. ०१ को हकमा ७ औ दिन र ठेक्का नं. ९ को हकमा १५ औं दिन सम्म कार्यालय समय भित्र उपलब्ध गराईने छ ।

४। यस वापत लाग्ने सम्पूर्ण करहरु कम्पनी वा फर्मले स्वयं व्यहोर्नु पर्नेछ ।

५। ठेक्का नं. १ को हकमा इच्छुक फर्म वा कम्पनीले दररेट पेश गर्दा कार्यालयले उपलब्ध गराएको BID Document Bill of Quantity मा अंक र अक्षरमा भरी आवश्यक कागजात र निवेदन सहित सिलवन्दी गरी दोश्रो पटक सूचना प्रकाशित मितिले ८ औ दिनको १२:०० वजे भित्र र ठेक्का नं. ९ को हकमा इच्छुक व्यक्ति वा फर्मले आवश्यक कागजात र निवेदन सहित सिलवन्दी गरी सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२.०० वजे भित्र प्यूठान नगरपालिकाको कार्यालय विजुवार प्यूठानलाई संवोधन गरी पेश गर्नु पर्ने छ । उक्त दिन सार्वजनिक विदा परेमा उक्त दिनको भोलि पल्ट सोही समयमा पेश गर्नु पर्ने छ ।

... बहादुर रायमाझी
प्रशासकीय अधिकृत

फोन नं. ०८६।४६०२१०
०८६।४६०२११
e-mail : pyuthanmun@gmail.com
website : pyuthanmun.gov.np


पत्र संख्या : २०७५/०७६

चलानी नं.

**प्रदेश नं. ५, नेपाल**

६। नियमानुसार प्रकृया पुगी दर्ता भएका वोलपत्रहरु/दरभाउ पत्रहरु कार्यालय, प्रतिनिधि तथा वोलपत्र / दरभाउ पत्रदाताको उपस्थितिमा ठेक्का नं. १ को हकमा ८ औं दिनको २:०० वजे र ठेक्का नं. ९ को हकमा १६औं दिनको २.०० वजे खोलिने छ र वोलपत्र / दरभाउ पत्र दाता उपस्थित नभएमा वोलपत्र / दरभाउ पत्र खोल्नमा वाधा पर्ने छैन ।

७। वोलपत्रदाताले आफुले कवोल गरेको रकमको ५ %ले हुने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. ग ३ ध ०५२०३०००००००००३०००००२४ मा नगदै दाखिला गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंककबाट जारी गरिएको वैंकको १३ महिना मान्य अवधि रहेको जमानत पत्रको सक्कलै प्रति पेश गर्नु पर्ने छ ।

८। नदीजन्य ढुँङ्गा,गिट्टी,वालुवा उत्खनन्, सङ्कलन कार्य सम्झौता मिति देखि २०७६ जेष्ठ मसान्त सम्म मात्र गर्नु पर्ने छ । र कवाडी सामान निकाशी सम्झौता भएको मिति देखि ०७६आषाढ मसान्त सम्म मात्र गर्नु पर्नेछ ।

९। यस सूचनामा छुट हुन गएको हकमा सार्वजनिक खरीद ऐन, २०६३ नियमवली २०६४ र प्रदेश सरकार प्रदेश नं. ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र प्रचलित कानुन वमोजिम हुने छ ।

**आवश्यक कागजात**

- नवीकरण भएको ईजाजतपत्रको प्रमाणित प्रतिलिपि
- मु. अ. क. दर्ता प्रमाण पत्रको प्रतिलिपि
- आ.व २०७४।०७५ को कर चुक्ता प्रमाण पत्र
- ठेक्का नं. ९ को हकमा नेपाली नागरिकताको प्रमाण पत्र । (व्यक्तिको हकमा माथि उल्लेखित कागजपत्र आवश्यक नपर्ने)

**तपशिल**

| सि.नं. | ठेक्का नं. | घाटको नाम | न्यूनतम कवोल अंक | प्याकेज नं. | जम्मा न्यूनतम अंक (मु.अ.क.वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 01/075/76/RM | वेलुवा वडा नं. १ | ४,३२,०००। | १ | ७,२६,३००। | दोश्रो पटक प्रकाशित सूचना |
| २ | | क्वाडी पिपलवोट वडा नं. २ | २,९४,३००। | | | |
| ३ | | जुमृ वडा नं. २ र ४ | ४,८६,०००। | २ | १०,१३,८५०। | |
| ४ | | विजुवार पक्की पुल वडा नं. ४ | २,३०,८५०। | | | |
| ५ | | टिकुरी वडा नं. ७ | २,९७,०००। | | | |
| ६ | | वाग्दुला वडा नं. ७ र ८ | २,३६,२५०। | ३ | ८,२४,८५०। | |
| ७ | | मरन्ठाना ९ र १० | २,३७,६००। | | | |
| ८ | | खप्रेङ्खोला वडा नं. ८ | ३,१०,५००। | | | |
| ९ | | पाडावाङ्ग वडा नं. ८ | ४०,५००। | | | |
| | | जम्मा | २५,६५,०००। | | २५,६५,०००। | |
| १० | 09/075/76/ | कवाडी निकाशी कर | २,००,०००। | | २,००,०००। | प्रथम पटक प्रकाशित सूचना |

खिम बहादुर रायमाझी
प्रमुख प्रशासकीय अधिकृत

खिम बहादुर रायमाझी
प्रमुख प्रशासकीय अधिकृत
(रा.प. द्वितीय श्रेणी)